महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
सिद्धार्थनगर नगपालिका रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं. ४९ मितिः२०७८/०५/०४

श्री नगर प्रमुखज्यू,

सिद्धार्थनगर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय,

, रुपन्देही।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाण्डौ ।

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ०४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

Babar Mahal, Kathmandu, Nepal

प.स.-२०७८/०७९

च.न.- ४६

मिति:-२०७८/०५/०४

श्री प्रमुखज्यू,
सिद्धार्थनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, रुपन्देही ।

विषय:- लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ असाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१ .नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२ लेखापरीक्षणबाट रु ५ करोड २५ लाख ९४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २ करोड ९७ लाख ५८ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु २१ लाख २१ हजार नियमित गर्नुपर्ने रु १ करोड ९२ लाख १५ हजार पेश्की बाँकी रु १५ लाख रहेको छ ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बिस) यसै साथ संलग्न छ ।

४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभुत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने त्रुटि वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभुत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम्.सी.
(नायब महालेखापरीक्षक)

लेखापरीक्षण प्रतिवेदन
सिद्धार्थनगर नगपालिका,रुपन्देही ।
आ.व. २०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गैडहवा गाउपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गैडहवा गाउपालिकाको उद्देश्य रहेको छ ।यस सिद्धार्थनगर नगरपालिका अन्तर्गत १३ वडा, ७३ सभा सदस्य, ३६ वर्ग किलोमिटर क्षेत्रफल ६३ हजार ४५९ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		११४९०१०५८।३२	१	**चालु खर्च**		३९७१०१४५२।६०
	क) नगद	३९४१५२६।६२			क) नगरपालिका तर्फ	१७१२२५५५०।००	
	ख) बैंक	११०९५९५३१।७०			ख) विषयगत कार्यालय	१८७०४६३०२।६०	
२	**राजस्व (आन्तरिक आय)**		२३४९४२८७३।८१		ग) सामाजिक सुरक्षा भत्ता	३८८२९६००।००	
	क) आन्तरिक राजस्व	११९५०११७८।७५		२	**पूँजीगत खर्च**		६१९९९५७२६।११
	ख) राजस्व बाँडफाँड	११३१६४७२६।०६			क) न.पा.तर्फ	२०४२४७४३४।१०	
	ग) अन्य आय	२२७६९६९।००			ख) ए.श.वि.आयोजना	४९२१९४४६।७४	
३	**वित्तीय हस्तान्तरण**				ग) क्षे.श.वि.आयोजना	३६४४५११३५।९०	
	क)वित्तीय समानीकरण अनुदान	१८१२०००००।००	४०७०७५९०२।६०		घ) सडक बोर्ड नेपाल	२०७७७०९।३७	
	ख) सशर्त अनुदान (विषयगत कार्यालय	१८७०४६३०२।६०		३	**वित्तीय व्यवस्था भुक्तानी**		
	ग) सशर्त अनुदान (सा.सु.बृद्ध भत्ता	३८८२९६००।००			क) ऋण भुक्तानी		
	घ) समपूरक अनुदान				ख) ब्याज भुक्तानी		
	ड.) विशेष अनुदान				ग) अन्य भुक्तानी		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		४६३१२०००।००	४	**लगानी**		
	क)वित्तीय समानीकरण अनुदान	४९७६०००।००			ऋण लगानी		
	ख) सशर्त अनुदान	११००००००।००			शेयर लगानी		
	ग) समपूरक अनुदान	२४७३६०००।००			अन्य लगानी		
	घ) विशेष अनुदान	५६००००० ।००		५	**धरौटी फिर्ता**		५७२३१३०३।९०
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			६	**कोष खर्च**		३६०१०६१०।९४
६	**वित्तीय व्यवस्था प्राप्ति**		०।००		क) कर्मचारी कल्याण कोष	२३५९५०७३।६४	
	क) ऋण प्राप्ति				ख) मर्मत कोष सडक बोर्ड	०।००	
	ख) साँवा प्राप्ति				ग) प्रकोप व्य.कोष	१२४१५५३७।३०	
	ग) ब्याज प्राप्ति				घ) वातावरण व्य.कोष	०।००	
	घ) अन्य प्राप्ति			७	ड.) अन्तर स्थानीय तह बारुण यन्त्र कोष	०।००	
७	**विभिन्न कोषतर्फको आय**		५०३२४७७६।४३	८	**मौज्दात**		
	क) कर्मचारी कल्याण कोष	३३५७०६२६।५९			**१) नगरपालिका कोष**		१६८६५१४१५।०४

	ख) मर्मत सम्भार कोष)	०।००			क) नगद मौज्दात	४०५५८०९।१४	
	ग) प्रकोप व्यवस्थापन कोष	१६०५४१४९।८४			ख) बैंक मौज्दात	१६४५९५६०५।९०	
	घ) वातावरण व्य.विकास कोष	७०००००।००			**२) धरौटी खाता**		**८५६२३९३१।८८**
८	**जनसहभागिता (नगद)**		**०।००**		क) बैंक मौज्दात	८५१७९९३१।८८	
	अन्तर स्थानीय तह बारुण यन्त्र कोष		**१२५१०५८।००**		ख) सापटी बांकी	४४४०००।–	
१०	**धरौटी आय**		**१४२८५५२३५।७८**		**३) कर्मचारी कल्याणखाता**		**९९७५५५२।९५**
११	**लगानीको साँवा फिर्ता**				**४) मर्मत कोषखाता**		**०।००**
१२	**अन्य विविध आय**		**३८२५१६७५९।०२**		**५) प्रकोप व्य.कोषखाता**		**३६३८६१२।५४**
	क) एकिकृत शहरी विकास आयो.	३९६७७०९२।४२			**६) वातावरण.कोषखाता**		**७०००००।००**
	ख) क्षेत्रीय शहरी वि.आयोजना	३४०८८९६६६।६०			**७)अन्तर स्थानीय तह बारुण यन्त्र कोष**		**१२५१०५८।००**
	ग) अन्य (सडक बोर्ड नेपाल)	१९५००००।००					
	जम्मा		**१३८०१७९६६३।९६**		**जम्मा**		**१३८०१७९६६३।९६**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो बमोजिम गरेको पाईएन । • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ — टीडिएस नगरेको ।	

	• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३४० जनाको दरबन्दी रहेकोमा १५५ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु ५५८३२११५.९२ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **बजेट तथा कार्यक्रम**	
३.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख	

	प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपप्रमुख श्री उमा काफ्ले १ अर्व १८ करोड ४७ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१७ मा पारित भएको छ ।	
४.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।	
५.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
६.	**चौमासिक पूँजीगत खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवद्र्धन गर्नुपर्दछ ।	
७.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न कार्यालय सहयोगी लगायतका पदमा १६ जना कर्मचारीहरु करारमा राखि रु ३३६७१६६।- खर्च लेखेको छ ।	
८.	**कर्मचारी खाजा खर्च -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष १५७ जना कर्मचारीलाई मासिक प्रतिव्यक्ती ३२००.०० का दरले जम्मा रु ५९९२६८४।- खाजा खर्च वापत रु आर्थिक व्ययभार बढ्न गएको रु.	५९९२६८४।-
९.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन	

गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१०. **परामर्श खर्चः-**

कार्यालयले विभिन्न योजनहरुको सर्भेक्षण तथा डिपि आर तयार गर्दा कार्यालयको मौज्जुदा जनशक्ति बाट गराउनु पर्नेमा निम्नानुसारका विवरणमा कोटेसन मार्फत् परामर्श सेवा खरीद गरेको छ । अतः कार्यालयले आन्तरीक जनशक्तिवाट नै परामर्श सम्वन्धी कार्य सम्पादन गराउन ध्यान दिनु जरुरी देखिन्छ ।

परामर्श सेवा वापत गरेको कार्य	भूक्तानी भएको फर्मको नाम	भूक्तानी रकम
स्वर्गद्वार घाटको डि.पी.आर्	प्रोफेसनल डिजाईन	४९४७५९.३५
सि.न.पा.मा विपद व्यवस्थापन प्रतिकार्य योजना तयार	**आरम्भ कन्सल्टिङ प्रा.ली.**	**४८५९००.००**
सि.न.पा स्थित खेलकसद मैदानको ड्रईङ डिजाईन्	युनियन ईन्जिनियरीङ कन्सल्टीङ	४९७१९७.७४
जम्मा		**१४७७८५७.०९**

११. **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१३	१३	१०	३

१२. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६।७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु ५० हजार सम्मका	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
११	१३	७	३७	२३	४१	१३२

- **कानून निर्माण एवं कार्यान्वयन**

१३. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस

	पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, १८ कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१४.	**न्यायिक समिती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १५ र यो बर्ष थप भएको गरी कुल १५ विवाद दर्ता भएकोमा १२ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१५.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आ.ब. समाप्त भएको ५ महिना पश्चात मात्र गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण समयमै गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
१६.	**आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएकोमा आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छ ।	
	• **पदाधिकारी सुविधा**	
	तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१३१३७०००.०० सुविधा वापत भुक्तानी भएको छ ।	

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष १३ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ४७ जना	जम्मा
१	बैठक भत्ता	३१०००.०	४००००.०	६२८०००.०	१५४०००.०	१३०२०००.०	२१५४०००.०
२	यातायात खर्च	०	०	१४०४०००.०	५०४०००.००	१४८०५००.०	३३८८५००.०
३	टेलिफोन,मोबाइल	३६०००.०	३६०००.०	३५१०००.०	२१६०००.०	१०५७५००.०	१६९६५००.०
४	पुस्तक,पत्रीका, ईन्टरनेट	४५०००.०	४५०००.०	४६८०००.०	२१६०००.०	८४६०००.०	१६२००००.०
५	समन्वय तथा सहजीकरण	११७०००.०	७२०००.०	८१९०००.०	३६००००.०	१२६९०००.०	२६३७०००.०
६	अतिथि सत्कार	६३०००.०	५४०००.०	७०२०००.०	०	०	८१९०००.०
७	खानेपानी/बिजुली/ सरसफाई	९००००.०	९००००.०	०	०	०	१८००००.०
८	चाडपर्व खर्च	१५०००.०	१५०००.०	१५६०००.०	८००००.०	३७६०००.०	६४२०००.०
	जम्मा	३९७०००.०	३५२०००.०	४५२८०००.०	१५३००००.०	६३३१००.०	१३१३७०००.०

१७.	**वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा	

	लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ। यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक खर्च भएको पाईएन ।	
१८.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु २७७९९९२।- खर्च गरेको छ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
१९.	**अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार नगरपालिकालाई रु २३०८४७०००।- अनुदान प्राप्त भएकोमा २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको रु ४३८००६९७.४ फिर्ता गरेको छ ।	
२०.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। नमूना छनोटका आधारमा पालिकाले ल्याव प्रयोगशाला निर्माणका लागी पालिकाले पालिका भित्र रहेका ११ ओटा मा.वी .विद्यालयहरुलाई प्रति विद्यालय रु ६५००००।- का दरले जम्मा रु ७१५००००।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२१.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले यस वर्ष रु ४५३९०३०।- आर्थिक सहायता वितरण गरेका छन्। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२२.	**सवारीसाधन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ.ब.२०७६/०७७ मा ४ पाङ्ग्रे टेक्टर प्रतिटेक्टर ११९९९९७।- का दरले ६ ओटा ७१९९९८२।- र वुर्मर १ ओटा ९६०५०००।- लहरी लोडर क्रेन १ ओटा रु ६८९३०००।- गरी जम्मा रु २३६९७९८२।- को सवारी साधन खरीद गरेको छ ।	
२३.	**अनुगमन भत्ताः ३९८.२०७७.०३.३१** लुम्बिनी सरकार सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका,२०७५ मा कार्यालयले सञ्चालन गर्ने कुनै प्रकारको गोष्ठी,सेमिनार लगायतका कार्यक्रममा अनुगमन गरेवापतको भत्ता पाउने व्यवस्था नरहेकोमा कार्यालयले अनुगमन भत्ता वापत नगरपालिकाका पदाधिकारीलाई कर कट्टी गरी रु ४४२००।- र कर्मचारीलाई १४०२५०।- गरी जम्मा १८४४५०।- भुक्तानी गरेकोले सम्वन्धितबाट असूल उपर गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु	१८४४५०।-

- **कर दस्तुर एवं आन्तरिक आय**

२४. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु १२७०१५०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु ११९५०११७८.७५ अर्थात अनुमान भन्दा ६ प्रतिशत कम आय प्राप्त गरेको छ ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२५. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय तथा अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४५३३८७९०२.६	११९५०११७८.७५	२६.३५

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २६.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय मा देहायअनुसार वक्यौता देखीएकाले नगरपालिकाले समयमै वक्यौता रकम उठाउन तर्फ ध्यान दिनुपर्छ । २३४३७४३५।-

सि.न.	आम्दानीको श्रोत	यस वर्षको वक्यौता
१	बहाल प्राप्त आय	१४३३६४८८.००
२	आय ठेक्का	७६०७४६६.००
३	व्यवसाय कर,विज्ञापन कर लगायत भूमि तथा मालपोत कर	१४९३४८१.००
	जम्मा	२३४३७४३५.००

२७. **स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन।जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन।अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

२८. **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति

	छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
२९.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष गाउँपालिकाले सवारी कर उठाएको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
३०.	**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।	
३१.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन।जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
३२.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
३३.	**लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ ।गाउँपालिकाले लागत सहाभागीतामा आधारीत सुरक्षीत खानेपानि योजनाको लागी १८७०३८८।- खर्च लेखेको छ।पालिकाले यस कार्यक्रमको लागी लागत अनुमान तयार गरेको छैन,कार्यसम्पादन प्रतिवेदन तथा उपभोक्ताको लागत सहभागिता समेत नभएकोले	

लागत सहभागिता जुटाउने भनि कार्यान्वयनमा ल्याएको कार्यक्रममा गाउँपालिकाको मात्र सहभागिता रहेको पाईएकोले यस तर्फ पालिकाले ध्यान पुर्याउन आवश्यक छ ।

३४. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
३३६.२०७७.३.३१	नव दुर्गा उपभोक्ता समिति	विद्यालय भवन	१००००००.००
३४०.२०७७.३.३१	मेयर आवास उ.स.	मेयर आवास	२८२८८०६.००
३६१.२०७७.०३.३१	लिलाराम भवन निर्माण उ.स.	लिलाराम मा.वि भवन	९२००००.००
३८३.२०७७.०३.३१	वोरीङ जडान उ.स.	वोरीङ जडान	९०५०३०.००
	जम्मा		५६५३८३६.००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३५. **सामाग्री दररेट** : स्थानीय सकार संचालन ऐन २०७४ अनुसार स्थानीयतहले आफ्नो अधिकार क्षेत्र भित्र लागू हुने गरी दररेट निर्धारण गर्न सक्ने यस्तो दररेट निरधारण नभएकोअवस्थामा सार्वजनिक खरीद नियमावली २०६४को नियम १४८ बमोजिमको उद्योग बाणिज्य समितीका सदस्य समेतको सदस्य रहेको समितीवाट निर्धारण भएको दररेट) पूरै जिल्ला भरी लागू व्यवस्था रहेकोमा पालिकावाट विभिन्न उपभोक्ता समितीलाई भुक्तानी गर्दा पेश भएका देहाय बमोजिमका आपुर्तकहरुवाट जारी भएका विल विजकहरुमा आर्थिक बर्ष २०७६।०७७का लागी जिल्ला दररेट निर्धारण समीति रुपन्देहीवाट निर्धारण भएका दर रेट भन्दा बढी दरवाट सामाग्री विक्री वितरण गरेको पाईएकोले पालिकावाट यस्ता विलका आधारमा भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

गो भौ न	उपभोक्ता समिति		खरिद विवरण	निर्धारीत	विक्री दर
०६।०९।१५	अचलापूर उ स	लोला ईटा उद्योग	ईटा	१५२.	१६०.
		शिवम सिमेन्ट	सिमेन्ट	८५९	९६०
४७।०९।५	नैडीहवा उ स	वालाजी ईटा उद्योग	ईटा गोटा	१५२.	१६०.
		शिवम हार्डवेयर	सिमेन्ट वोरा	८५९	९६०.५
४८।०९।१५	शंकरा हीडवा उ स	भिजन ग्रुप सप्लायस वालाजी ईटा	ईटा	१५२.	१६०.
		शिवम हार्डवेयर	सिमेन्ट	८५९	९६०.५
२७।०७६।०८।१३	पिपरी छोटकी उ स	आशिष हार्डवेयर	सिमेन्ट	८५९	९६०.५
२८।०७६।०८।१३	भूजौली उ स	आशिष हार्डवेयर	सिमेन्ट	८५९	९६०.५
७६।०७६।०७।२७	चमारटोल उ स		सिमेन्ट	८५९	९६०.५
३३।८।२६	शंकरा हीडवा उ स	शिवम हार्डवेयर	सिमेन्ट	८५९	९६०.५
		वालाजी ईटा	ईटा	१५२.	१६०.
४५।०९।३४	वेलहवा हिडवा उ स	मोतेश्वरी शिवम हार्डवेयर	सिमेन्ट	८५९	९६०.५
		लोहा ईटा	ईटा	१५२.	१६०.
२६।२०७६।८।१३	रघुनापुर उस	शिवम सिमेन्ट	सिमेन्ट	८५९	९६०.५

३६. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर नियमावली ,२०५३ को नियक १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसुची ५ र ५ (क) वमोजिमको दाँचमा कर विजक दिनुपर्ने उल्लेख छ । यस कार्यालयको तपशिलका — २८५२६६।-

	निर्माण व्यवसायीहरुलाई भूक्तानी विजक नम्वर केरमेट गरेको, उक्त फर्महरुलाई भूक्तानी भएको मूअकर रु. २८५२६६ सम्वन्धित कर कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नु पर्नै रु.	

वन.शी.उ.	गो.न.भौ.	निर्माण व्यवसायी	विजक जारी भएको मिति	भुक्तानी भएको मूकर .अ.	कैफियत
पूजीगत	११४।०७६।१२।०६	बेलाल निर्माण सेवा	२०७६।१२।०६	५३४२७	केरमेट गरी नया १० न राखेको
	१०३।२०७६।११।२३	बेलाल निर्माण सेवा	२०७६।११।२३	१२०२५८	केरमेट गरी नया ९ न राखेको
	१३५।७७।०१।२१		०७७।०१।२१	१११५८१	केरमेट गरी नया न राखेको
जम्मा				२८५२६६	

३७.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा पनि पेश भएन ।	
३८.	**औषधी खरिद** -नगरपालिकाले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३९.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५ जनालाई रोजगारी उपलव्ध गराई रु ९३१११४.४१ खर्च गरेको छ । लक्षित वर्गलाई ३३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
४०.	**टुक्रा पारी निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको	८७३६९२४।-

खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।

क्र.सं.	मिति	निर्माण कार्य	निर्माण व्यवसायी	भुक्तानी रकम
१	११/२९/२०७६	कायार्लयमा , आल्मुनियम, भुई निमार्ण	भरत निमार्ण सेवा	४९९,६५०.८३
२	१२/१२/२०७६	न्यौडिहवा सडक आर .सि.सि.	न्यु कालिका निमार्ण सेवा	४६३,१७४.६३
३	३/२१/२०७७	बेलहिया माकम्पाउण्डवाल निमार्ण .वि.	जे के कन्टक्शन	३९६,९५९.५३
४	१२/१५/२०७६	भवन ममर्त, रंगरोगन, सि स्थित ७ .पा.न.	लुम्बीनी बुद्ध कन्स्ट्रक्सन	४१६,२६२.१०
५	६/३०/२०७६	वडा १ ल्याण्ड फिल्ड साईड माटो तथा ग्राभेल	सैनामैना कन्स्ट्रक्सन प्रा।लि।	४९४,४४७.३२
६	११/२६/२०७६	वडा १ न्यौडीहवा बोर जडान	वेलाल निर्माण सेवा	४६४,४१२.१५
७	२/१८/२०७७	वडा १ ल्याण्ड फिल्ड साईड माटो खसाल्न	पुन जागरण निमार्ण सेवा	४९३,५०६.२७
८	११/१/२०७६	वडा १ स्वगर्द्धारी घाट पिसडक.सि.सि.	न्यु अम्बे निमार्ण सेवा	४४०,०७६.२४
९	९/२७/२०७६	वडा १२ स्थित स्वगर्द्धारी घाट आरढलान .सि.सि.	एस सेवा.नि.एस.	४८५,११३.३८
१०	३/१५/२०७७	वडा २ स्वर्द्धारी घाटमा पि सि सि	क्रान्ति निमार्ण सेवा	४८४,०५७.२९
११	२/२८/२०७७	वडा ३ खजुरीया र दरखसवा सडक	शितला निमार्ण सेवा प्रा.लि.	३५३,५८१.७१
१२	३/२५/२०७७	वडा ३ बसपाकर् सडक आर .सि.सि.	शोभा लक्ष्मी कन्टक्शन	३८१,९८३.५१
१३	२/१८/२०७७	वडा ३ बसपाकर्मा आरसडक .सि.सि.	राज कन्टक्शन	४९५,३३२.३२
१४	२/१५/२०७७	वडा ६ महात्मा बुद्ध स्कुल ममर्त	अमृत कन्स्ट्रक्सन	४१४,८४७.४३
१५	१/२८/२०७७	वडा अमरपथ दक्षिण नाला निमार्ण ६ .	ओम साई कन्स्ट्रक्सन	३६२,०७०.६५
१६	७/२०/२०७७	वडा ७ कमल पथमासडक तथा नाला	अमृत कन्स्ट्रक्सन	२४२,३६६.०५
१७	२/२५/२०७७	वडा ८ दुलारी पथ वेशकोष	सफिक निर्माण सेवा	४८९,०४१.५९
१८	२/२०/२०७७	वडा ९ गोलीगढ कुलो निमार्ण	अहमद निर्माण सेवा	३८८,५१५.९६
१९	३/१५/२०७७	विभिन्न स्थानमा नाला सफाइ	राजन निमार्ण सेवा	४९४,४४६.५६
२०	१/२९/२०७७	विभिन्न स्थानमा नाला सफाई	एशियाली कन्टक्शन एण्ड	४७७,०७८.७७
				८७३६९२४

४१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु २४४२४३२.००को सोझै खरिद गरे को देखियो । २४४२४३२।-

गो भौ न	खरीद विवरण	आपूर्तीकर्ता	भूक्तानी रकम
८६।०७७।१	विद्युतिय समान	पटवा हाउस	२६७४२३
१७७।०२।२३	ए सि	गौरी जनरल	९६०५०
३८४।०३।३१	विद्युतिय समान	अभिलाशा ईलेक्ट्रिक	९९०४४
३८६।०।३१	प्रोजेक्टर	पशुपती ट्रेड लिङ्क	६१०००
२४१।३।१९	ए सि	अभिलाशा ईलेक्ट्रिक	१४६१७६

२४२।०३।१९	स्टेपलाईजर	माँ ईलेक्ट्रोनिक्स	३२०९२
२३०।०३।१६	रेफ्रीजेरेटर	ईलेक्ट्रो लेड	५२३००
			७५४०८५
४३।०७६।८।२३	फोटोकपी प्रीन्टर डेक्सटप आदी	सिद्दवावा कम्प्यूटर	२६२१५०
४६।०७६।०८।२३	टि भी प्रीन्टर ल्यापटप	पशुपती ट्रेड लिङ्क	२१५६७१
१२५।१२।१०	कम्पूयटरहरु	अल्टिमेट पावर	३२०६४५
२१७।०३।१०	टि भी ह्यार्ड डिक्स	मूईन ईन्टरनेशनल	९०७४८
२१८।३।१०	प्रिन्टर मदरवोर्ड	सिद्दवावा कम्पयूटर	१९४०००
			१०८३२१४
३०।०८।११	ओम स्टील एण्ड सप्लार्यस	फर्नीचर	५०३९८
४२।८।२३	ओम स्टील एण्ड सप्लार्यस	टेवुल कुर्सी	७४३२४
७९।	ओम फर्नीचर सप्लार्यस	फर्नीचर र्याक	१०६७८५
७०।१०।७	ओम फर्नीचर सप्लार्यस	सोफा	१३२२४
१२१।१२।१०	ओम फर्नीचर सप्लार्यस	टेवुल दराज अन्य	२१४२४०
१२२।१२।१०	ओम स्टील एण्ड सप्लार्यस	पाईपर्याकअफिसदराज लगायत	१३७७६९
१३४।१।१५	सिद्दार्थ अर्डर सप्लायस	फर्नीचर	४०४९९६
३१०।०७६।१०।२१	सिद्दार्थ गौतम प्रिन्ट्रीङ्क प्रेस	छपाई	२४५२१०
४५३।७७।१०।९	लक्ष्मी प्रीन्ट्ङ्क प्रेस	छपाई	११२२७३
जम्मा			२४४२४३२

४२. १७३।७७।२।२३

आई सि टी अनुदान: शिक्षा विभाग शैक्षिक कार्य संचालन निर्देशिका २०७६ बमोजिम कार्यक्म संचालन गर्दा तोकिएको कार्य भन्दा फरक नहुने तथा यस्तो कार्यको नियमित अनुगमन गरी कार्यक्रम संचालन गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकावाट मदरसा कादरीया मिस्वाहुल बुल, मदरसा अरविया असरमीया फैजुल ,समिहुल जामिया कमरुन निश्वाहक ३ विद्यालयहरुलाई आई सि टी अनुदान वापत प्रति विद्यालय रु १ लाख का दरले रु ३ लाख भुक्तानी भएको तोकिएको कार्यमा नै खर्च भएको छ भन्ने आधार देखिएन । पालिकावाट अनुगमन गरी कार्य सम्मपन्न भएको प्रमाण पेश गर्नु पर्ने रु — ३०००००।-

४३. **कार्य सम्पादन जमानत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिजी) को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा परीक्षण गरिएका मध्ये पालिकाबाट भएका निम्न निर्माण कार्यको कार्य सम्पादन जमानतको म्याद सो अनुसार लिएको देखिएन । निर्माण कार्य समाप्त गर्न तोकिएको अवधि भन्दा थप १३ महिना पछि सम्मको रु को कार्य सम्पादन पेश गर्नुपर्ने देखिन्छ । — ६८७१६३।-

आयोजना	निर्माण व्यवसायी	सम्झौता म्याद	कार्यसम्पादन म्याद	घटी अवधी	रकम
वडा न ३ भवन	शितला निर्माण सेवा	२०७७।१२।३०	२०७७।१०।३०	१५ महिना	२४६०००
१८।०७६।७७	सुदिप निर्माण सेवा	२०७७।१।१५	२०७७।१०।३०	४ महिना	४४११६३

							६८७१६३।-	
४४.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राखे गरेको छैन ।							
४५.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।							
४६.	**भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्। • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।							
	सामाजिक सुरक्षातर्फ							
४७.	**सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कार्यक्रम							

<table>
<tr><td></td><td>सञ्चालन कार्यविधिमा भएको व्यवस्था गाउँपालिकाले पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।तर पालिकाले कार्यविधिमा उल्लेख भएको कुरा पालना गरेको नपाईएकोले कार्यविधि पालनामा ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>दोहोरो भूक्तानीः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गरी सोही आधारमा समामाजिक सुरक्षा भता वितरण गर्नु पर्दछ । तर नमूना छनौटका आधारमा परीक्षण गरीएको वडा न १का निम्न लाभग्राहीको नाममा दोहोरो भत्ता दोहोरो भूक्तानी भएकोले दोहोरो रकम रकम असूल गर्नु पर्ने रु
<table>
<tr><td>नाम र वडा</td><td>नागरीता नं.</td><td>वढी भूक्तानी भएको रु</td></tr>
<tr><td>चन्द्र माया गुरुङ वडा नं.१</td><td>३४७२</td><td>३६000.00</td></tr>
<tr><td>कौसल्या गुरुङ वडा न १</td><td>६५३२</td><td>३६000.00</td></tr>
<tr><td>देवि कुमारी गुरुङ वडा नं. १</td><td>१८६५२</td><td>३६000.00</td></tr>
<tr><td>रोगाही थारु</td><td>१२३७७</td><td>३६000.00</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४४000.00</td></tr>
</table>
यस सम्वन्धमा नगरपालिकाले दोहोरो भूक्तानी नहुने गरी लाभग्राहीको सङ्ख्या कार्यालयले एकिन गर्नुपर्दछ ।</td><td>१४४000।-</td></tr>
<tr><td>५०.</td><td>कार्यविधि वेगर खर्चः स्थानिय सरकार सञ्चालन ऐनमा भएको, २०७४ मा भएको व्यवस्था अनुसार कुनै व्यक्ती तथा संस्थालाई स्पस्ट कार्यविधि उदेश्य तथा सम्झौता कुनै पनि रकम भुक्तानी दिन मिल्दैन । तर पालिकावाट निम्न बमोजिम संघ संस्थाहरुलाई स्पस्ट कार्य उदेश्य वेगर आर्थिक सहयोग उपलब्ध गराएको छ ।आवस्यक कार्यविधि मापदण्ड वेगर उपलब्ध गराएको रकम अनियमित देखिएको रु
<table>
<tr><td>भौ नं.</td><td>मिति</td><td>खर्चको विवरण</td><td>रकम रु</td></tr>
<tr><td>१९</td><td>२०६६.०५.२०</td><td>बास नेपाल</td><td>२५०००.००</td></tr>
<tr><td>२२</td><td>२०७६.०५.२५</td><td>लायन्स क्लव अफ सिद्धार्थनगर</td><td>२००००.००</td></tr>
<tr><td>२३</td><td>२०७६.०५.२५</td><td>निजामति कर्मचारीको आधिकारीक ट्रेड युनियन</td><td>२३५९३.००</td></tr>
<tr><td>२७</td><td>२०७६.०५.२९</td><td>अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन</td><td>१५०००.००</td></tr>
<tr><td>२८</td><td>२०७६.०५.२९</td><td>प्रश्रीत प्रतिषठान नेपाल</td><td>९४८९५.६०</td></tr>
<tr><td>६६</td><td>२०७६.०६.०९</td><td>टेक्निकल स्टुडन्ट एशोसियसन अफ नेपाल ।</td><td>५०००.००</td></tr>
<tr><td>१0६</td><td>२०७६.०६.०९</td><td>अखील नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन</td><td>५०००.००</td></tr>
<tr><td>११३</td><td>२०७६.०६.०९</td><td>नेपाल कम्युनिष्ट पार्टी माओवादी</td><td>८०००.००</td></tr>
<tr><td>१३६</td><td>२०७६.०६.०९</td><td>Nepal gim Fitness</td><td>५००००.००</td></tr>
<tr><td>२४८</td><td>२०७६.०६.०९</td><td>प्राज्ञीक विद्यार्थी परीषद्</td><td>२००००.००</td></tr>
<tr><td>२५३</td><td>२०७६.०६.०९</td><td>पाँचौ लुम्विनी पर्यटन प्रवद्धन ।</td><td>५०००००.००</td></tr>
<tr><td>२७२</td><td>२०७६.१0.७</td><td>अखील नेपाल राष्ट्रिय विद्यार्थी युनियन</td><td>५१००.००</td></tr>
</table></td><td>१0१४५८८।-</td></tr>
</table>

२७३	२०७६.१०.०७	राष्ट्रिय बहिरा संघ ।	२००००.००
३२१	२०७६.१०.२१	**JCi siddhartha lady Nepal**	१००००.००
३२८	२०७६.१०.२६	मुक्तक मण्डल	५०००.००
३३०	२०७६.१०.२६	रुपन्देही कृषि तथा मत्स्य महोत्सव	२५०००.००
३३६	२०७६.१०.२७	अखिल नेपाल जनजाती सम्मेलन	१००००.००
३७४	२०७६.११.१५	सक्षम सहारा महिला वहुउद्धेश्यीय समूह	१००००.००
३९२	२०७६.११.२०	रुपन्देही क्रिकेट संघ	३००००.००
३९७	२०७६.११.२२	विश्व साहित्य समाज	८०००.००
४११	२०७६.१२.०२	दुर्गा मन्दिर किसोरपूर गाउँ समाज	१५०००.००
५२४	२०७७.०३.०३	सामूहिक विद्यालय परीवार	२००००.००
६५०	२०७७.०३.३१	सिर्जनशिल साहित्य समाज	५००००.००
६४८	२०७७.०३.३१	लायन्स क्लव अफ सिद्धार्थनगर	४००००.००
जम्मा			**१०१४५८८.६**

५१.	**विल भरपाई कम भएको:** नगरपालिका पूँजिगत मिति २०७७.०३.२६भौचर नं.२५५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा कुनै रकमको भूक्तानी गर्दा रित पूगे वा नपूगेको जाँच गरि भूक्तानी गर्नुपर्ने व्यवस्था छ।राम जानकी मन्दीर निर्माणको लागि नगरपालिकाको योगदान रु ३९००००.०० र लागत सहभागिता गरी रु ४५९०३९.९० को विल भरपाई हुनुपर्नेमा श्रेष्ताको साथमा रहेका विल भरपाई जोड जम्मा गर्दा २९१७७४.७२ मात्र रहेकाले नपूग विल भरपाई रु १६७२६५.०८ को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु	१६७२६५।-
५२.	**स्थानिय पूर्वाधार विकास कार्यक्रम:** स्थानिय पूर्वाधार कार्यक्रमका लागि यस नगरपालिकामा पाँच ओटा छनोट भई जम्मा रु ११००००००।- विनियोजन भएकोमा रु १०९४०००।- खर्च भई वाँकी रहेको रु ९९४७५२।- कोरोना कोषमा जम्मा भएको छ ।	
५३.	**प्रतिलिपी विल भरपाई:** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ ।नगरपालिकाले सुसंस्कृत माध्यामिक विद्यालय लाई भवन निर्माणको लागि रु ६८००१८।- भूक्तानी गरेको छ।विद्यालयले नगरपालिकालाई सक्कल विल भरपाई पेश गर्नुपर्नेमा विल भरपाईको प्रतिलिपि मात्र पेश गरेको हुनाले सक्कल विल भरपाई पेश गर्नुपर्ने रु	६८००१८।-
५४.	**खर्च शिर्षक:** एकीकृत आर्थीक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४अनुरुप खर्च संकेत प्रयोग गरी खर्च लेख्नु पर्दछ ।नमूना छनौटका आधारमा श्रेष्ताको जाँच गर्दा नगरपालीकाले निम्नानुसारका कारोवारमा खर्च संकेत फरक पारेर खर्च गरेको पाईएकोले नियमानुसार नभएको रु	

गो भौ	मिति	खर्च संकेत	खर्च शिर्षक	कारोवारको विवरण	रकम रु
१०५	२०७६.०६.१५	२११४१	पदाधिकारी वैंठक भत्ता	कर्मचारी वैंठक भत्ता वितरण	१२९०००
१७१	२०७६.०८.१३	२२४१४	सररफाई सेवा शूल्क	गाडिको विमा	१५१८७
१८०	२०७६.०८.२३	२२४१४	सररफाई सेवा शूल्क	मर्मत भूक्तानी	२१०१८
२०१	२०७६.०८.२६	२११४१	पदाधिकारी वैंठक भत्ता	ाइ एस सूचना वैंठक	२४०००
२०२	२०७६.०८.२६	२११४१	पदाधिकारी वैंठक भत्ता	कर्मचारी वैंठक भत्ता	११०००
२३२	२०७६.०९.१०	२२४१४	सेवा शूल्क	ट्राली टेक्टर	४९३२६४
२३८	२०७६.०९.१८	२५३१५	अन्य सहायता	खाजा विल	४२०३६
२८२	२०७६.१०.१२	२८१४२	घर भाडा	गाडी रिजर्व	१७८००
३१७	२०७६.१०.२१	२२४१४	सेवा शूल्क	मसलन्द	१६७६०
३१८	२०७६.१०.२१	२२४१४	सेवा शूल्क	मसलन्द	४९९५०
३६३	२०७६.११.१४	२२४१४	सेवा शूल्क	च्यादर खरीद	५५०७८
३७५	२०७६.११.१५	२२४१४	सेवा शूल्क	विमा वापतको भूक्तानी	३०६१८
४३२	२०७६.१२.१०	२२३११	तथा कार्यालय सामाग्री	आर्गनिक मल खरीद	११२५०
४५८	२०७७.०१.१५	२२४१४	सेवा शूल्क	गाडी मर्मत	१२०५००
४७१	२०७७.०१.२४	२११४१	पदाधिकारी बैंठक भत्ता	कर्मचारी बैंठक भत्तामा खर्च	३४३६००
५२५	२०७७.०३.१०	२२४१४	सरसफाई सेवा शूल्क	गाडी मर्मत	२५७५०
५४४	२०७७.०३.१६	२२४१९	अन्य सेवा शूल्क	नगरपालिका संघ सदस्यता	१०००००
					१३४१६०६

१३४१६०६।-

५५.	**वुद्ध मूर्ती निर्माणः** सार्वजीक खरीद ऐन २०६३ को दफा ४४ तथा सार्वजनीक खरीद नियमावली २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समिती वाट गराउने प्रावधान रहेकोमा कार्यालयवाट प्रतिस्पर्धा सिमीत हुने गरी तथा ऐन नियमावली प्रवाधान विपरीत उपभोक्ता समिती मार्फत बुद्ध मूर्तीको निर्माण जस्तो विशेष प्राविधिक आवश्यक पर्ने कार्य समेत उपभोक्ता समिति मार्फत गरेको पाईएकोले अनियमित देखिएको रु	३७०००००।-
५६.	**पत्रकारको थाईल्याण् भ्रमणः २०७६.१०.१३** नगरपालिकाले अन्य सहायता खर्च शिर्षकबाट २०७६.०५.२१ गते लुम्बिनी प्रेस क्लवका १८ जना सदस्यहरु थाईल्याण्ड जानका लागी रु २०००००।- भूक्तानी गरेको छ ।यसरी नगरपालिकालाई ठूलो व्यय भार पर्ने गरी पत्रकारलाई विदेश भ्रमणको लागी भूक्तानी गर्दा अनुत्पादक क्षेत्रमा खर्च भएको छ ।नगरपालिकाले भूक्तानी गर्दा वितरणमुखी कार्यमा भन्दा पूँजि वृद्धी हुने प्रकृतिका कार्यमा खर्च गर्न तर्फ ध्यान दिनुपर्छ । यसरी नगरपालिकाले अन्य सहायता शिर्षकबाट पत्रकारलाई भूक्तानी दिन मिल्ने आधार नभएको रु	२०००००।-
५७.	**कोभिड१९ तर्फः-** नगरपालिकाले कोभिड १९ को लागि २०७७.०६.३० सम्ममा संघीय सरकार बाट रु	

<table>
<tr>
<td></td>
<td>३८७९८२५।-प्रदेश सरकार बाट रु २000000।- र स्थानिय संचित कोषबाट रु ७१५१३000।- अन्य श्रोत बाट प्राप्त ४५५४८७२।-स्थानीय पूर्वाधार विकास कार्यक्रम बाट वचत रकम रु १0१९७५२।- र प्रकोप खातावाट १३२८५२५।- गरी जम्मा रु १९९३३९७४।- को व्यवस्था गरेको छ। २0७७.0६.३१ सम्ममा १४६0२१३१।- खर्च भएकोमा ५३३१८४३।- मौज्दात रहेको छ । राहात वितरणको लागि रु ८१९३५१८।- खर्च गरेकोमा नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार दाल,चामल,तेल लगायतका राहत सामग्री मौज्जातमा रहेका छन् ।गाउँपालिकाले क्वारेन्टिन सेन्टर निर्माणका गि३९७७३९.७८,औषधि एवं स्वास्थ्य सामाग्री उपकरणको खरीदमा ४७६१८१.१३ अन्य विविध शिर्षकमा रु ५५३४६९१.२३ खर्च भएको छ ।

(क) जोखिम भत्ता तर्फ स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,लगायतलाई रु २७५९१८२।- र प्रशासनिक कर्मचारी तथा राजनितिक पदाधिकारीको लागी रु १0९५६५७।- समेत रु ३८५४८३९।- खर्च भएको विवरण प्राप्त भएको छ ।प्रशासनिक र राजनितिक पदाधिकारीलाई जोखिम भत्ता दिने आधार प्रमाण पेश भएन ।

(ख) कार्तिक मसान्त सम्म आईसोलेसनमा वस्नेको सङ्ख्या १५१५ रहेको छ ।</td>
<td></td>
</tr>
<tr>
<td>५८.</td>
<td>पेश्की बाँकी - कार्यालयले दिएको पेश्की आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट भइ सक्नुपर्नेमा देहायका व्यक्ति÷संस्थालाई गएको रु. पेश्की आर्थिक बर्षको अन्तसम्म पनि फछ्र्यौट भएको नदेखिएबाट सो पेश्की फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><td>पेश्की लिनेको नाम</td><td>रकम</td></tr>
<tr><td>बुद्ध मूर्ती व्यवस्थापन उ.स.</td><td>१५00000.00</td></tr>
</table></td>
<td>१५00000।-</td>
</tr>
<tr>
<td>५९.</td>
<td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २0७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि अनुरोध गरेको छैन ।</td>
<td></td>
</tr>
</table>

सिद्धार्थनगर नगरपालिका,रुपन्देही

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७६/०७७

अनुसूची - १

(रु हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	लेखापरीक्षण रकम	वेरुजु	प्रतिशत	आय					जम्मा आय	व्यय				मौज्दात वाँकी
						गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व वाँडफाँड रकम	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	सिद्धार्थनगर नगरपालिका	रुपन्देही	२३७५६१९	५२५९४	२.२१३९	११४९०१	४५३३८७	११३१६४	११९५०१	५७९२२६	१३८०१७९	३९७१०१	६१९९९५	९३२४५	१११०३४१	२६९८३८

बेरुजु वर्गिकरण (विनियोजन,राजश्व,धरौटी र अन्य कारोवार)

अनुसूची - २

(रु हजारमा)

क्र	स्थानिय तह	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियावाट फछ्र्यौट			बाँकी बेरुजु			बाँकी बेरुजू								
			दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धा	लगती		सैद्धा	ल		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	सिद्धार्थनगर नगरपालिका	रुपन्देही	५०	१७	५२८४३	०.०	५	२४९	५०	१२	५२५९४	२९७५८	१९२१५	२१२१	०.०	०.०	२१३३६	०	१५००	१५००

बेरुजुको अद्यावधिक स्थिति

अनुसूची - ३

(रु हजारमा)

गत बर्ष सम्मको फछ्र्यौट हुन बाँकी	समायोजन	यस बर्ष फछ्र्यौट	बाँकी बेरुजु	यस बर्षको स.प.बाट कायम बेरुजु	यो बर्षको कायम बेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
६२१७८८	(२९९२२)	०.००	५९१८६६	०.००	५२५९४	६४४४६०	१६२००